आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.
RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रियस्तरको वित्तीय संस्था)

च.नं. २५७/०८२/८३
मितिः २०८२/०८/१२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषयः जानकारी सम्बन्धमा ।

महाशय,
उपरोक्त सम्बन्धमा मिति २०८२ कार्तिक १५ मा बसेको सञ्चालक समितिको १७७ औं बैठकको निर्णय अनुसार संस्थाको बाह्रौं वार्षिक साधारण सभा मिति २०८२ मंसिर १२ गते शुक्रबारका दिन वेष्टर्न एशियन होटल, बुटवल, रुपन्देहीमा बसी निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गरेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

क) सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गरेको ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/८२ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गरेको ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ८ प्रतिशतले हुने रकम रु. ८ करोड २७ लाख २५ हजार १५३ रुपैंया र पैसा छत्तीस मात्र (लाभांशमा लाग्ने कर सहित) पारित गरेको ।
४. आर्थिक वर्ष २०८२/८३ का लागि बाह्य लेखापरीक्षकमा श्री पि.एल.आर.जि. एशोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स, काठमाण्डौ लाई नियुक्त गरी निजको पारिश्रमिक तोकिएको ।

ख) विशेष प्रस्ताव :

१. यस वित्तीय संस्था तथा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गरेको ।

ग) विविधः
कुनै प्रस्ताव नरहेको ।

भवदीय,

.....
ध्रुव कुमार पौडेल
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत
१२।०८।२०८२

केन्द्रीय कार्यालय : बुटवल-१०, कालिकानगर, रुपन्देही फोन : ०७१-४३८५१३, ४१९०१३ Email : info@rsdcmf.com URL : www.rsdcmf.com